सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ६९/२०८२/८३

प्रथम पटक प्रकाशित मिति:२०८३/०१/२४

यस सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको तपसिल बमोजिम विवरण भएका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २०८३/०२/०७ (१५औ दिन) भित्र बोलपत्र खरिद गरी १६ औ दिनमा दिनको १ बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ ।यस अतिरिक्त अन्य कुरा बुझ्न परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

तपसिल

| क.स | लिलाम बिक्रीको बोलपत्र नं. | बोलपत्र मार्फत लिलाम बिक्रि हुने सामानको विवरण | न्युनतम मूल्य | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SSRM-SM-01-2082-83 | टहरा निर्माणमा प्रयोग भएका जस्तापात तथा अन्य सामानहरु जे जस्तो अवस्थामा छन भत्काएर लैजाने | १७२७६४ | १००० | कबोल अंकको १० प्रतिशत | |
| २ | SSRM-SM-02-2082-83 | कम्प्युटर तथा सुचना प्रविधिसँग सम्बन्धित विभिन्न उपकरण तथा फर्निचर फिक्चर्स जे जस्तो अवस्थामा छन लैजाने | ५७९०९९.८५ | १००० | | |
| ३ | SSRM-SM-03-2082-83 | कार्यालयमा प्रयोग भएका विविध अन्य सामानहरु जे जस्तो अवस्थामा छन लैजाने | १०९८९८ | १००० | | |
| ४ | SSRM-SM-04-2082-83 | कार्यालयमा प्रयोग भएका आल्मुनियम पार्टेशन तथा अन्य सामान जे जस्तो अवस्थामा छन लैजाने | १२६९९२ | १००० | | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेबसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर रोल्पा

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना
सूचना नं.६९/२०८२/८३
प्रथम पटक प्रकाशित मिति:२०८३/०१/२४

## बोलपत्र सम्बन्धी शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजातः लिलाम सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागू हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।
२. बोलपत्रको भाषाः लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।
३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरे पश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधाकारीक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस कार्यालयको ग्लोबल आईएमइ बैंक सुलिचौरमा रहेको धरौटी खाता नं.१८०००००००१८ मा जम्मा गरी सोको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ ।
६. बोलपत्रदाताले स्पष्टरुपमा प्रोपाइटर कारोबार गर्ने मुख्य व्यक्ति कारोबार गर्ने मुख्य स्थल वा पसल फोन नम्बर आदी सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।
७. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ।
८. कार्यालयले लिलाम बिक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।
९. लिलाम बिक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ ।
१०. लिलाम बिक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाता बीच वार्ताद्धारा समाधान गरिनेछ ।
११. बोलपत्र फाराममा विभिन्न प्याकेजमा सम्पत्ति तथा मालसामान लिलाम बिक्री गर्ने गरी समुहकृत गरिएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कबोल गर्नु पर्नेछ । प्रत्येक प्याकेजको कुल रकममा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ ।
१२. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु.९८८७५३/-(अक्षेरुपी नौ लाख अठासी हजार सात सय त्रिपन्न रुपैया मात्र) कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

२०८३।०१।२४
प्रमुख प्रशासकीय अधिकृत

१३. बोलपत्र फाराममा उल्लेख भए अनरुयका लिलाम बिक्री गरीने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।

१४. पेश भएको बोलपत्रको मान्य अवधि भित्र साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मूल्याकन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१५. बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

१६. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुस्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैंकमा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

१७. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजान पर्नेछ ।

१८. लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

१९. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

२०. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

२१. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

२२. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

२३. बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अंङ्ग हुनेछ ।

२०७३/०१/२८

प्रमुख प्रशासकीय अधिकृत